# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध–कार्यको विषय–चयन, प्रारूप–गठनदेखि अध्ययन–अन्वेषणका हरेक सोपानहरूमा मलाई सस्नेह परामर्श तथा शोधकार्य गर्ने क्रममा आइपरेका अनेकौँ समस्या र कठिनाइहरूलाई पन्छाउँदै आवश्यक सामाग्री सङ्कलनदेखि शोध–प्रबन्धको अन्तिम तयारीसम्म आफ्नो व्यवहारिक कार्य र समयको समेत पर्वाह नगरी सौहार्दपूर्ण तरिकाले निरन्तर उत्प्रेरित, प्रोत्साहित गर्दै, जुनसुकै समय होस्, अलिकति पनि झर्को–झिँजो नमानी सहयोग गर्नुहुने मेरा श्रद्धेय गुरु डा॰ मोहन पी॰ दाहाल, प्रोफेसर, नेपाली विभाग, उत्तरबङ्गाल विश्वविद्यालयप्रति अशेष श्रद्धाका साथ म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। उहाँको कुशल एवं उचित निर्देशन पाउन नसकेको भए प्रस्तुत शोधकार्य पूर्ण हुन सक्ने थिएन। आफ्नो कार्यव्यवस्तताको अलिकति पनि पर्वाह नगरी यस शोधकार्य सम्पन्न गर्न मलाई अनवरत् प्रेरित–प्रोत्साहित गराउँदै गहन, प्राज्ञिक अध्ययन–अनुशीलन गर्ने आँट–भरोसा र आत्मविश्वास दिलाउँदै समुचित सुझाउ र मार्गदर्शन गर्ने काममा प्रोफेसर दाहालले मप्रति कहिल्यै कञ्जुस्याइँ गर्नुभएन। सदासर्वदा उहाँले आफूले सकेसम्म उदार हृदयले सहयोग र प्रोत्साहन दिनुभएको छ, जसका निम्ति म सदा आभारी रहेको छु।

यस शोधकार्यमा लागेर पनि कुइराको काग बनी यताउता भट्किरहेको समयमा मलाई उचित मार्ग–दर्शन गराउँदै र शोधकार्य चाँडै पूरा गर्नमा निरन्तर प्रेरणा–प्रोत्साहन र हौसलाको साथ सहयोग गर्नुहुने मेरा श्रद्धेय गुरुजन प्रोफेसर भीमकान्त उपाध्याय, प्रोफेसर घनश्याम नेपाल, डा॰ जस योञ्जन, प्रा॰ लक्ष्मीकान्त शर्माज्यूप्रति चीर आभारी छु। शोधकार्यावधिभरि नै मलाई भ्रातृवत् स्नेह तथा मनसा–वाचा–कर्मणा उत्साह प्रदान गरिरहनु हुनेहरूमा आदरणीय डा॰ इन्द्रबहादुर राई, डा॰ राजेन्द्र भण्डारी, डा॰ गोकुल सिन्हा, डा॰ दिवाकर प्रधान, डा॰ लक्खीदेवी सुन्दास, प्रा॰ नरेशचन्द्र खाती, प्रा॰ शान्तिराज शर्मा, प्रा॰ कृष्णराज घतानी, श्री विजय सुवेदी(छेत्री)प्रति म आभार–कृतज्ञता प्रकट गर्न चाहन्छु।

यस शोध–कार्य पूरा गर्नमा हर प्रकारले सहयोग पुस्याउने सर–सल्लाह र सुझाउ दिने, सामग्री सङ्कलन गर्न सहयोग गर्दै सदा प्रेरणा–प्रोत्साहन दिने आदरणीय स्वजन शुभचिन्तकहरूमा प्रा॰ पुष्कर पराजुली, डा॰ कविता लामा, प्रा॰ सुजाता रानी राई, डा॰ ममता लामा, डा॰ सञ्जय बान्तवा, प्रा॰ सञ्जय विष्ट, डा॰ जीवन नामदुंग, श्री ग्याल्पो लामा, श्री ज्ञानप्रसाद भण्डारीज्यूप्रति म सदा कृतज्ञ र आभारी छु। शोधकार्यको सिलसिलामा त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालयमा अध्ययन गर्न जाँदा खाने–बस्ने प्रबन्ध लगायत अन्य

विविध प्रकारका सहयोग–सुविधा पुर्‍याएर प्रस्तुत शोधकार्य सम्पन्न गर्नमा सहयोग गर्नुहुने श्रद्धेय दाइ भाउज्यू डा॰ भरतकुमार पौड्याल र श्रीमती सुशिला पौड्याल, केन्द्रीय पुस्तकालयका भारप्राप्त अधिकारी श्रीमती पार्वती नेपाल तथा प्रिय भाइ नारायण शर्माज्यूप्रति सदा आभारी र कृतज्ञ रहेको छु।

विभिन्न समयमा विभिन्न तरिकाले मलाई सहयोग, प्रेरणा–प्रोत्साहन र हौसला प्रदान गर्नुहुने दार्जीलिङ राजकीय महाविद्यालय, नेपाली स्नातकोत्तर विभागका मेरा अग्रज र अनुज सहकर्मीवृन्द डा॰ ललिता राई 'अहमद', प्रा॰ सुजाता रानी राई, प्रा॰ विनेश प्रधान, प्रा॰ नवीन पौड्याल, प्रा॰ कवीर बस्नेत, प्रा॰ निमा शेर्पा तथा मेरा प्रिय विद्यार्थीहरू श्री सरोज राई र विक्रम छेत्रीप्रति पनि अनुगृहित भएको कुरा यहाँ ज्ञापन गर्दछु।

शोधकार्यावधिभरि नै म उत्तर बङ्गाल विश्वविद्यालयको केन्द्रीय तथा नेपाली विभाग अधिनस्थ विभागीय पुस्तकालयबाट प्रशस्त लाभान्वित भएको छु। उसरी नै त्रिभुवन विश्वविद्यालय–(कीर्तिपुर) को केन्द्रीय पुस्तकालय, गोर्खा जनपुस्तकालय, खर्साङ, देवकोटा सङ्घ पुस्तकालय, सिलगढ़ी, डा॰ पारसमणि प्रधान स्मारक शोध–पुस्तकालय दार्जीलिङ, नेपाली साहित्य सम्मेलन (इन्दिरा ओझा) पुस्तकालय, दार्जीलिङ, देशवन्धु जिल्ला पुस्तकालय दार्जीलिङ, दार्जीलिङ सरकारी महाविद्यालयको केन्द्रीय र नेपाली विभागको विभागीय पुस्तकालयबाट मैले प्रशस्त सहयोग लिएको छु, यसैले यी पुस्तकालय र पुस्तकालयका भारप्राप्त अधिकारी र कर्मचारीहरूप्रति म आभार प्रकट गर्दछु।

प्रस्तुत शोध–कार्य सम्पन्न गर्न गत पाँच वर्षसम्म (२३ मार्च, सन् १९९९ देखि २२ मार्च, २००४ सम्म) शोध–छात्रवृत्ति प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति साथै उत्तर बङ्गाल विश्वविद्यालयमा शोधकार्य सम्पन्न गर्न अनुमति प्रदान गर्ने उ॰व॰वि॰वि॰का तत्कालिन उपकूलपति प्रो॰ पियुषकान्त शाह, कुलसचिव डा॰ तापसकुमार च्याटर्जी तथा डा॰ एस॰एल॰ दत्त, डेभलपमेन्ट अफिसर, उ॰बं॰वि॰वि॰प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै शोधकार्य सम्पन्न गर्न शोध–छात्रावासमा आवासको उचित व्यवस्था मिलाइदिएकोमा शोधछात्रावास अधिकारी र कर्मचारीप्रति पनि आभारी छु। शोधछात्रावासमा रहँदा विभिन्न प्रतिकूल परिस्थितिमा पनि ध्येय र साहस बटुल्नमा सदा सहयोग पुर्‍याइरहने, कहिल्यै विचलित हुन नदिने मेरा अग्रज र अनुज साथीहरूमा दोर्जे लामा, पुष्कर पराजुली, उपकार राईलाई पनि सम्झेको छु।

यो संसारमा मानव जीवन दिएर अ. आ. क. ख चिनाइ साक्षर तुल्याउँदै आज विद्यावारिधि उपाधिका लागि शोधप्रबन्ध तयार गर्दासम्म, जीवनमा हरेक दुःखकष्ट झेल्दै भए

पनि अध्ययनको क्षेत्रमा सदा अघि बढ्न अथक घच्घचाइरहनुहुने, मेरो आत्मबल बढ़ाउन सदैव प्रेरणा–प्रोत्साहन–हौसला दिइरहनुहुने, किताब–खाता–कलम किन्न कहिल्यै कन्जुस्याइँ नगर्ने मेरा पूज्यपाद बुबा श्रीमान् मनबहादुर छेत्री एवं पूज्य मुमा श्रीमती मनमाया छेत्रीमा अशेष श्रद्धा र आन्तरिक चीर आभार प्रकट गर्दछु। साथै शोधकार्यवधिभरि नै मलाई अटूट भातृवत् स्नेहकासाथ मन–वचन र कामले सदा सहयोग प्रदान गरिरहनुहुने मेरा आदरणीय दाज्यू श्रीमान् अम्वीरप्रसाद छेत्री र भाइहरू राजेन्द्र र दिपेन्द्रराजमा चीर आभार र कृतज्ञता प्रकट गर्दछु।

प्रस्तुत शोध–प्रबन्ध तयार गर्नमा आफ्ना अमूल्य समय र असाधरण व्यस्तता समेतलाई पन्छाएर मलाई सदैव उचित निर्देशन, सही. परामर्श र सहयोग गर्नुहुने मेरा शोध–निर्देशक प्रोफेसर दाहाल तथा आफू यस संसारमा बाँचुञ्चेलसम्म सदा मातृवत् प्रेम वात्सल्यका साथ कर्तव्यपथमा विचलित नभई अघि बढ़िरहने अशेष प्रेरणा र आशीर्वाद दिइरहनुहुने गुरुमा स्व॰ प्रतिमा दाहालप्रति म कृतज्ञता प्रकट गर्दछु। प्रस्तुत शोध–प्रबन्धलाई सुन्दर र शुद्ध तरिकाले अङ्कन कार्य सम्पन्न गरिदिनुहुने मिरभ कम्प्युटेक प्रिन्टर्सका श्री मिलन बान्तवाज्यूमा अशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै प्रस्तुत शोध–कार्य र विषयका क्रममा प्रयोग र सहयोगमा लिइएका उपजीव्य कृतिका कृतिकार, पत्र–पत्रिकाका सम्पादकहरूबाट म ज्यादै उपकृत भएको छु, यदि यहाँ मैले आफू उपकृत रहेको कुरा प्रकट गरिनँ भने त्यो मेरो अकृतार्थता नै ठहरिनेछ। अन्ततः यस शोधकार्यको प्रबन्धमा प्रत्यक्ष–परोक्ष सहयोग–सद्भावना पुऱ्याउनुहुने सम्पूर्ण शुभचिन्तक अभिजनप्रति म साधुवाद टक्र्याउँदछु।

शोधार्थी

राजकुमार छेत्री

**(राजकुमार छेत्री)**

सह–प्राध्यापक, स्नातकोत्तर नेपाली विभाग
दार्जीलिङ सरकारी महाविद्यालय, दार्जीलिङ।

दिनाङ्क २३ जुलाई, सन् २०१०.